नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

**माछाको दानामा प्रयोग गरिने प्रोबायोटिकको शिलबन्दी मूल्य सूची पेश गर्ने सम्बन्धी सूचना**

**सूचना नं.- ४५/२०८१/८२**

सूचना प्रकाशित मितिः २०८२/०१/०५

यस एकाइको चालु आ.ब. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार रुपन्देहीको माछा सुपरजोन प्रभाव क्षेत्रमा मत्स्य उत्पादकत्व वृद्धिको लागि प्रोबायोटिक अनुदान सहयोग कार्यक्रमको लागि माछाको दानामा प्रयोग गरिने प्रोबायोटिकको मूल्य सुचि उपलब्ध गराउन यस एकाइमा सुचिकृत भएका र हुन चाहाने प्रोबायोटिक आपूर्ति गर्ने आपूर्तिकर्ता फर्म/कम्पनीले आ-आफ्नो संस्था सुचिकृत गरि यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट प्रोबायोटिकको मूल्य सुची प्रस्ताव फारम डाउनलोड गरि तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिलबन्दी मूल्य सुचि प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

१. शिलबन्दी मूल्य सुचि प्रस्ताव सुचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म (वैसाख १९ गतेसम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाई, रुपन्देहीमा संस्था सुचिकृत गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. रित पुर्वक भरेको सिलबन्दी मूल्य सुची प्रस्ताव फारमको साथ आपूर्तिकर्ता फर्म/कम्पनीको इजाजत पत्र प्रतिलिपी, प्यान प्रमाणपत्र प्रतिलिपी, २०८०/८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी, राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालाले प्रोवायोटिक आयात तथा बिक्रि वितरणको लागि प्रदान गरेको सिफारिस पत्र (Recommendation letter) प्रतिलिपी, प्रोबायोटिक प्याकेजिङ्ग सहितको रंगिन फोटो, प्रोबायोटिक उत्पादन तथा बितरण गर्ने फर्म/कम्पनीको परिचय खुल्ने जानकारी र गत आ.व. हरुको प्रोबायोटिक बिक्री बितरण प्रगति प्रतिबेदन संलग्न राखी पेश गर्नुपर्नेछ ।

३. दानामा प्रयोग गरिने प्रोबायोटिकको नाम, प्रयोग भएका ब्याक्टेरिया तथा अन्य तत्वहरु (CFU/gram सहित), दानामा प्रयोग गर्ने तरिका र मात्रा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ साथै अध्ययन/अनुसन्धान बाट प्राप्त नतिजाहरु लगायत सो प्रोबायोटिकको बारेमा रहेका जानकारीमूलक सामाग्रीहरु सहित पेश गर्नुपर्ने छ ।

४. प्राप्त मूल्य सूचीको तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी सूचिकृत भएका प्रोवायोटिक आपुर्ति गर्ने आपुर्तिकर्ता कम्पनी/सप्लायर्स/संस्थाहरु मार्फत प्रोबायोटिक खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका आपुर्तिकर्ता फर्म/कम्पनीले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुनेगरी पेश भएका शिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं०७१ .५७०२०१, ०७१५७०९१७, ९८५७०१७३८१, ९८६७२५९३४३, ९८५७०११२४० मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

नारायण कोइराला
वरिष्ठ कृषि अधिकृत
२०८२/०१/०५

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"